# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, चैत २९ गते २०३८ साल (अतिरिक्ताङ्क ७०

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३८ सालको अध्यादेश नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

626

## वर्गीय संगठन ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावनाः वर्गीय संगठनहरूको निर्वाचनको लागि वर्गीय संगठन ऐन, २०३६ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "वर्गीय संगठन (पहिलो संशोधन) अध्यादेश, २०३८" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. वर्गीय संगठन ऐन, २०३६ को दफा १० मा संशोधनः वर्गीय संगठन ऐन, २०३६ (यस पछि "मूल ऐन" भनिएको) को दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

"१०. प्रारम्भिक परिषद्ः गाउँ वा नगर स्तरमा श्री ५ को सरकारबाट आदेशद्वारा तोकिदिएबमोजिम संगठनको प्रारम्भिक परिषद् गठन हुनेछ ।"

३. मूल ऐनको दफा १८ मा संशोधनः मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः–

"१८. नियम बनाउने र आदेश जारी गर्ने अधिकारः (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्नको निमित्त श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

तर यसरी नियम बनाउँदा केन्द्रीय कार्य समिति रहेको अवस्थामा सो समितिको परामर्श लिइनेछ ।

(२) उपदफा (१) बमोजिम बनेको नियममा नपरेका कुराहरूमा श्री ५ को सरकारले आवश्यकता अनुसार आदेश जारी गर्न सक्नेछ ।

(३) यो दफा प्रारम्भ हुनु अघि जारी भएको नियम यसै दफाबमोजिम जारी भएको मानिनेछ ।"

४. मूल ऐनको दफा २० मा संशोधनः मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएको छः–

"२०. श्री ५ को सरकारको अधिकारः (१) श्री ५ को सरकारले आदेश जारी गरी संगठनको गठनको प्रयोजनको लागि कुनै व्यक्ति वा पदाधिकारी वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

628

दुवैलाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिएको निर्देशन सम्बन्धित व्यक्ति वा पदाधिकारीले पालना गर्नु पर्नेछ ।

(२) श्री ५ को सरकारले संगठनलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिएको निर्देशन सम्बन्धित संगठनले पालना गर्नु पर्नेछ ।"

लालमोहर सदर मितिः– २०३८।१२।२९।१

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

620